# नेपाल क्यापिटल मार्केट डिस्कोर्श

आजको यस कार्यक्रमका प्रमु अतिथि Dr. Gopal Prasad Bhatta ज्यू

नेपाल उद्योग परिसंघका अध्यक्ष Mr. Birendra Raj Pandey ज्यू

नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष Mr.Kamlesh Kumar Agrawal ज्यू

नेपाल उद्योग वाणिज्य संघका उपाध्यक्ष Mr. Sur Krishna Vaidya ज्यू

स्कट ब्रोकर एसोसिएसन अफ नेपाल का अध्यक्ष MR. Sagar Dhakal

मर्चेन्ट बैंकर्स संघ नेपालका अध्यक्ष Mr. Ramendra Rayamajhi ज्यू

अर्थमन्त्रालयबाट पाल्नु भएका सह सचिवज्यू सेबोनबाट पाल्नु भएका सबैजना अतिथि ज्यूहरु, नेप्से तथा सीडीएसका प्रतिनिधि, उपस्थित सबै ब्रोकर कम्पनीका प्रमुख, मर्चेन्ट बैंकका प्रमुख ज्यूहरु, विभिन्न लगानीकर्ता संघका प्रतिनिधि तथा लगानीकर्ता ज्यूहरु सहित

नेपालमै पहिलोपटक आयोजना भइरहेको 'नेपाल क्यापिटल मार्केट डिस्कोर्श २०२६' मा पाल्नु भएका सबै जना अतिथिज्यूहरुलाई हार्दिक स्वागत र नमस्कार।

यस वर्षदेखि सुरु भएर अब हरेक वर्ष आयोजना हुने यो नेपाल क्यापिटल मार्केट डिस्कोर्सलाई हामिले 'Voice of Nepal's Capital Market' बनाउन खोजेका छौँ।

यो भन्नुको तात्पर्य बैंकिङ समाचार अनवरत रूपमा नेपालको क्यापिटल मार्केटको बृहत्तर वृद्धि र विकास लागि अनवरत लागिरहने छ भन्ने प्रण पनि हो।

र बैंकिङ समाचार सम्पूर्ण क्यापिटल मार्केटको भोइस बन्न चाहन्छ भन्ने उजागर हुनु पनि हो। क्यापिटल मार्केट डिस्कोर्स As a Event पोलिसी डिस्कसनको प्रस्थान बिन्दु हो र यसलाई भावि दिनमा साबित गर्दै लैजाने हाम्रो सपना पनि छ।

नेपाल धितोपत्र बोर्ड (सेबोन)सँग हामीले नजिकबाट सहकार्य गरेर यो कार्यक्रम उद्घाटनसम्म आइपुग्दै गर्दा सेबोनका अध्यक्षज्यूसँग कयौँ चरण क्यापिटल मार्केटको वृद्धिका बारेमा छलफलहरू भएका छन्। त्यो छलफलबाट यो डिस्कोर्स आयोजनाका लागि बैंकिङ समाचार टिम साह्रै उत्साहित पनि छ।

र म यही मञ्चबाट बाट अध्यक्षज्यूलाई भन्न चाहन्छु कि, अध्यक्षज्यू, हजुरको काँधमा नेपालको पुँजी बजारलाई नयाँ दिशा दिने सुवर्ण अवसर आएको छ। जसलाई यहाँले सुरुवात पनि गरिसक्नुभएकै छ र यसको कार्यान्वयनको पाटो महत्वपूर्ण छ। र चरणबद्दरुपमा कार्यान्वयन हुँदै गइरहेको छ भन्ने विश्वास पनि लिएका छौं।

पूँजी बजारको स्थायी विकासका लागि जुन तरिकाले यहाँले नयाँ प्रोडक्टहरु, नयाँ नीतिहरु ल्याउन खोज्नुभएको छ, यो एकदमै स्वागतयोग्य छ। सेयर बजार भनेको बाई, होल्ड र सेल मात्रै होइन भन्ने कुरा यहाँले स्ट्याब्लिस गर्न खोज्नुभएको छ। त्यसको हामी खुला हृदयले यहाँलाई सपोर्ट गर्छौं, सफलताको शुभकामना दिन्छौं।

स्टक ब्रोकर साथीहरु, नेपालमा ९० वटा स्टक ब्रोकर कम्पनीहरू हुँदै गर्दा तपाईँहरू नै यस्तो स्टेकहोल्डर हो, जसले इन्भेस्टरसँग डाइरेक्ट रिलेसन राख्नुहुन्छ, डाइरेक्ट इन्टरक्याक्सन गर्नुहुन्छ। तपाईँहरूले डाइरेक्टली इन्भेस्टरहरूको कन्फिडेन्स बढाउन काम गर्न सक्नुहुन्छ। यसमा तपाईँहरूले आफूलाई ब्रोकर मात्र नठानीकन क्यापिटल मार्केटको विस्तारको महत्त्वपूर्ण हिस्साको रूपमा तपाईँहरूले आफूलाई लिनुपर्छ। लिइरहनु पनि भाएको र तपाईँहरूको महत्त्वपूर्ण योगदानले नै नेपालको पुँजी बजारमा करोडौँ नेपाली जनताको सहभागिता सुनिश्चित हुनेछ र भइरहेको पनि छ।

यस्तै मर्चेन्ट बैंकर साथीहरूको लागि पनि मेरो के अनुरोध छ भने तपाईँहरू ले आजको मितिसम्म जसरी नेपालको पुँजी बजारलाई योगदान दिनुभएको छ, त्यो एकदम सराहनीय छ। अनुकरणीय छ। जुन तरिकाले अहोरात्र खटेर यो पुँजी बजारको वृद्धिका लागि इन्भेस्टर अवेर गर्दै लगानीकर्ताको मनोबल वृद्धि गर्नका लागि लागिरहनुभएको छ। त्यो सराहनीय नै छ। तर त्यति भन्दै गर्दा तपाईँहरू पनि मार्केटको अर्को अभिन्न अङ्ग हो, जो रेगुलर लगानीकर्तासँग एकदम नजिकिएर, डाइरेक्टली लगानीकर्ताको मनोबल बढाउने र उनीहरूलाई विश्वस्त पार्ने र नयाँ लगानीकर्ता भित्र्याउनमा तपाईँहरूको ठुलो हात हुन्छ। त्यो पार्टमा चाहिँ तपाईँहरूले अझ प्रोएक्टिभली रोल खेल्नुपर्ने छ।

हामी मिडियाले कसरी सहकार्य गर्न सक्छौँ, त्यो पार्टमा हामी सहकार्य गरौँ। र भोलिका दिनमा इन्भेस्टर कन्फिडेन्स वृद्धि गर्दै हामीले कुन तरिकाले काम गर्दा बेटर होला, तपाईँ-हामी सरसल्लाह गरेर काम गर्न सक्छौँ। र तपाईँहरूको यो मार्केटमा एक्टिभ इन्भेस्टरको सङ्ख्या बढाउन, पब्लिक लिस्टेड कम्पनीहरूको संख्या वृद्धि गर्न, तपाईँहरूको ठुलो योगदान रहने छ।

यसबाहेक यस डिस्कोर्समा As a Key Note Speeker को रूपमा  सेक्युरिटीज एन्ड एक्सचेन्ज बोर्ड अफ इन्डिया (सेबी) बाट पाल्नुभएका कार्यकारी निर्देशक राम मोहन राव ज्युलाई Warmly welcome गर्न चाहन्छु। It is my great pleasure to welcome our distinguished international guest and keynote speaker, Mr. Ram Mohan Rao, Executive Director of SEBI.

Sir, we are honored to have you with us at the Nepal Capital Market Discourse 2026. Today, we look forward to learning from India's experience in proactive and innovative regulation, technology-driven supervision, investor protection, and capital-market development.

We also hope to explore how India and Nepal can strengthen cooperation through regulatory knowledge, technology, market infrastructure, and capacity building. Thank you sir for your presence.

आज दिनभर हामि नेपालको पूँजी बजारको विकास र विस्तारका लागि यहीँ हुनेछौं। यसक्रममा PRODUCT, POLICY & REGULATION : THE FUTURE OF NEPAL'S CAPITAL MARKET नामक पहिलो सत्र छ। जहाँ नेपालको पूँजी बजारको विकासका लागि चाहिने नीतिगत व्यवस्थामाथि छलफल हुनेछ।

यसैगरी दोस्रो सत्रमा Informed Investors, Stronger Capital Markets: Role of Awareness and Literacy नामक सत्र छ। जहाँ नयाँ लगानीकर्ता भित्र्याउने, भएका लगानीकर्तालाई शुसुचित र शिक्षित बनाउनका लागि गर्नुपर्ने प्रयासका विषयमा छलफल हुनेछन्।

यसैगरी तेस्रो सत्रमा Technology & Innovation: Future of Nepal's Capital Market का बारेमा छलफल हुनेछ। जहाँ आजको एआईको युगमा नेपालको क्यापिटल मार्केटले अंगाल्नुपर्ने प्रविधि र यसका लागि चाहिने जनशक्ति र नीतिका बारेमा छलफल हुनेछ। यसैगरी राम मोहन राव सरसँग वान टु वान र अन्तिमा सेबोनका अध्यक्षज्यूसँग डुओलग हुनेछ भने एउटा एआईसँग सम्बन्धित प्रिजेन्टेसन समेत हुनेछ।

कार्यक्रममा पाल्नु भएका सबैजनालाई पुन: स्वागत गर्दै तपाईहरु सबैलाई सक्रियताका साथ आज दिनभर पूँजी बजारमाथिको छलफलमा सहभागि भइदिनहनु अनुरोध गर्दै विदा चाहन्छु। धन्यवाद। जय क्यापिटल मार्केट।